Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४१ | वि.सं. २०८३ जेठ १० आइतवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल अष्टमी | Sunday 24 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## डोल्पाको छार्का ताङसोङ गाउँपालिकामा फोरजी सेवा

**◣युग संवाददाता**
**डोल्पा, ९ जेठ ।**

नेपाल टेलिकमले डोल्पाको छार्का ताङसोङ गाउँपालिकाको केन्द्र कागकोटमा फोरजी सेवा सुरु गरेको छ। समुन्द्री सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित मुकोटस्थित टावरमा फोरजी उपकरण जडान गरी माइक्रोवेभ रेडियोमार्फत सो सेवा सञ्चालनमा ल्याइएको नेपाल टेलिकमका प्रवक्ता डा कमल लामिछानेले जानकारी दिए। यससँगै नेपाल टेलिकमको फोरजी सेवा पुगेका स्थानीय तहको सङ्ख्या ७५० पुगेको छ।

माथिल्लो डोल्पामा सञ्चालनमा ल्याइएको यो पहिलो फोरजी साइट हो। अब डोल्पा जिल्लाकै डोल्पो बुद्ध गाउँपालिका र शे फोक्सुन्डो गाउँपालिका तथा मनाङको नार्पा भूमि गाउँपालिकामा टेलिकमको फोरजी सेवा पुग्न बाँकी छ। नेपाल टेलिकमले निकट भविष्यमा ती स्थानीय निकायहरुमा समेत फोरजी सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने जनाएको छ।

फोरजी सेवा विस्तारसँगै स्थानीय बासिन्दा, पदमार्गका पदयात्री र पर्यटकहरूको सञ्चार पहुँच सहज हुनुका साथै विभिन्न प्रशासनिक, सुरक्षा, स्वास्थ्य तथा शैक्षिक गतिविधिमा सहयोग पुग्ने र दुर्गम हिमाली क्षेत्रलाई आधुनिक डिजिटल नेटवर्कसँग जोड्दै समग्र क्षेत्रीय विकासमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

'राष्ट्रको सञ्चार' को रुपमा रहेको नेपाल टेलिकमले देशका सुगमदेखि अति दुर्गम स्थानहरूमा अत्याधुनिक दूरसञ्चार सेवा र सूचना प्रविधिको पहुँच पुर्‍याउँने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिइरहेको जनाएको छ।

## शुक्लाफाँटा नगरपालिकाद्वारा निःशुल्क शव चिस्यान सेवा सञ्चालन

**◣युग संवाददाता**
**कञ्चनपुर, ९ जेठ ।**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाले नगरवासीका लागि निःशुल्क शव चिस्यान (डेथ बडी फ्रिजर) सेवा सञ्चालनमा ल्याएको छ। नगरपालिकाले ठेक्का प्रक्रियामार्फत रु तीन लाख लागतमा आवश्यक उपकरण खरिद गरी यो मानवीय सेवा सुरु गरेको हो।

नगर कार्यपालिकाको हिउँदे अधिवेशनले गरेको निर्णयबमोजिम ठेक्का प्रकृयामार्फत उपकरण खरिद गरिएको नगरपालिकाको पूर्वाधार शाखाका प्रमुख दीपक धामीले जानकारी दिए। "वैदेशिक रोजगारी वा देशका विभिन्न दुर्गम क्षेत्रमा रहेका परिवारका सदस्य समयमै घर फर्किएर आफ्ना दिवङ्गत आफन्तको अन्तिम अनुहार हेर्न सकून् भन्ने उद्देश्यले यो सेवा सुरु गरिएको हो," शाखा प्रमुख धामीले भने, "यो चिस्यान यन्त्रको सहयोगले शवलाई चारदेखि पाँच दिनसम्म सुरक्षित रूपमा राख्न सकिन्छ।"

उनका अनुसार पछिल्लो समय युवा वैदेशिक रोजगारी तथा अध्ययनका सिलसिलामा घरबाहिर रहने क्रम बढ्दो छ। यस्तो अवस्थामा परिवारका सदस्यको आकस्मिक निधन हुँदा आफन्त आइपुग्नुअघि नै अन्त्येष्टि गर्नुपर्ने बाध्यात्मक अवस्थालाई यस सेवाले अन्त्य गर्ने विश्वास

▶▶ बाँकी ३ पेजमा

# उत्तरी नाकातर्फ पहुँच बढाउँदै कर्णाली

**◣युग संवाददाता**
**हुम्ला, ९ जेठ ।**



हुम्लाको सदरमुकाम सिमकोट गाउँपालिकाका अदनसिंह बोहराले गाउँबाटै गाडी चढेर राजधानी काठमाडौं पुगिएला भन्ने कल्पना गरेका थिएनन्। हुम्लीका लागि राजधानी काठमाडौंभन्दा उत्तरको छिमेकी देश चीन जान नजिक थियो । सिमकोट दक्षिणबाट सडकमार्गले नजोडिँदै उत्तरको हिल्सासम्म जोडिइसकेको थियो।

गत वर्ष मात्रै सिमकोट संघीय राजधानी काठमाडौंसँग सडकमार्गबाट जोडिएको हयो । योसँगै नेपालका ७७ वटै जिल्ला सदरमुकाममा सडकको पहुँच पुगेको छ । कालीकोटको खुलालुदेखि सुरु हुने कर्णाली करिडोर चीनको सीमा हिल्सासम्म पुग्छ । यो सडकको भर्खरै ट्र्याक खुलेकाले खोला र नदीहरूमा पुल बनेका छैनन् । बर्खाबाहेक समयमा अहिले कर्णाली उत्तरको छिमेकी चीनसँग स्थलमार्गले जोडिएको छ।

हिल्सासम्म सडक सञ्जाल पुगेसँगै उत्तरी नाकामा भन्सार कार्यालय स्थापना गरिएको छ । सडक पुगेसँगै जिल्लाबाहिरका व्यापारीहरू पनि यारी नाका पुग्ने गरेका छन् । तर भन्सार कार्यालय हिल्साले भने जिल्लाबाहिरका व्यापारीलाई सामान ल्याउन अनुमति दिएको छैन।

यारी भन्सार कार्यालयका प्रमुख रामराज जैसीले इन्टरनेट, सिल सिस्टम, क्वारेन्टाइन नहुँदा जिल्लाबाहिरका व्यापारी नाकामा आए पनि आफूहरूले फर्काउने गरेको बताए।

'हातले बिल काट्नुपर्छ, सिल गर्ने मेसिन र प्रविधि पनि छैनन्,' उनले भने, 'भन्सारबाट एउटा सामान लिएर जाने, बाटोमा हेराफेरि गरिदिएमा हामी फस्छौं, त्यहीं भएर नाकाबाट बाहिरका व्यापारीलाई सामान ल्याउ दिएका छैनौं।'

गत मंसिरमा चीनबाट दुई ट्रक जुत्ता कर्णाली करिडोर हुँदै बाँकेको नेपालगन्ज पुगे। भन्सारबाट स्थानीय व्यापारीले जाँचपास गरेर सदरमुकाम सिमकोट ल्याएपछि त्यहाँबाट उनीहरूले नेपालगन्जका व्यापारीलाई बिक्री गरेका थिए । सडकको पहुँच पुगे पनि भन्सार कार्यालयमा आवश्यक पूर्वाधार नहुँदा समस्या भइरहेको उनले बताए । चालु आर्थिक वर्षमा यारी भन्सारलाई छ लाख दुई हजार राजस्व उठाउने लक्ष्य दिइएको थियो । वैशाख मसान्तसम्म १८ लाख राजस्व उठेको छ । 'भन्सारमा आवश्यक पूर्वाधार, इन्टरनेटलगायत सुविधा भए करोडौंको राजस्व उठ्ने थियो,' उनले भने, 'सडक पुगेपछि भन्सार कार्यालयको क्षमता अभिवृद्धिका लागि सरकारले सोच्नुपर्ने बेला भएको छ।'

हल्सा-सिमकोट सडक योजनाका निमित्त प्रमुख बेलबहादुर नेपालीले उत्तरतर्फको सडकलाई बाह्रै महिना सञ्चालन गर्ने गरी काम भइरहेको बताए । 'दक्षिणबाट सिमकोट सडकले नजोडिँदै उत्तरबाट सदरमुकामसम्म सडक जोडिएको थियो,' उनले भने, 'यो सडकलाई बाह्रै महिना सञ्चालन हुने बनाउन काम भइरहेको छ।'

सिमकोटबाट हिल्सासम्मको दुरी ९८ किलोमिटर छ । यस्तै कालीकोटको खुलालुदेखि सिमकोटसम्मको दुरी १७३ किलोमिटर हो । खुलालुसम्म सुर्खेतबाट कर्णाली राजमार्ग भएर यात्रा गर्नुपर्छ।

सदरमुकाम सिमकोटसम्म यातायातका साधन पुग्ने बनाउन नेपाली सेनाको महत्त्वपूर्ण भूमिका छ । सेनाले खार्पुनाथ गाउँपालिका-५ स्थित खार्पु हुँदै बग्ने कर्णाली नदीमाथि बेलिब्रिज र अप्ठेरो

▶▶ बाँकी ३ पेजमा

## सडक दुर्घटना न्यूनीकरण गर्न "कृत्रिम घटना अभ्यास"

**◣युग संवाददाता**
**सुर्खेत, ९ जेठ ।**




विपद् जोखिम न्यूनीकरण तथा सडक दुर्घटना न्यूनीकरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले वीरेन्द्रनगर नगरपालिका-११, पिपिरा चोक, सुर्खेतमा "कृत्रिम घटना अभ्यास" कार्यक्रम सम्पन्न गरिएको छ।

युरोपेली संघ मानवीय सहायता (इको) को सहयोगमा युएनडीपीको नेतृत्वमा युएनडीपी, युनीसेफ, युएन वुमन, ह्यान्डीक्याप इन्टरनेशनल र सुन्दर नेपाल संस्था रहेको कन्सोर्टियमद्वारा सञ्चालन भइरहेको शहरी विपद् तथा भूकम्पिय पूर्वतयारी परियोजना (सुपर-२) ले कृत्रिम घटना अभ्यास गरेको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यलय,सुर्खेत र वीरेन्द्रनगर नगरपालिकासँग सहकार्य गर्दै सडक दुर्घटना न्यूनीकरण सचेतना कार्यक्रम अन्तर्गत सडक दुर्घटना, उद्धार तथा ट्राफिक प्रहरी, नगर प्रहरी, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, स्वयंसेवक तथा स्थानीय समुदायको सहभागिताको भूमिकाबारे घटना अभ्यास प्रस्तुत गरिएको थियो। सडक दुर्घटना घटनामा तत्काल उद्धार तथा प्रतिकार्य क्षमतालाई प्रभावकारी बनाउने उद्देश्यले अभ्यास गरिएको जनाएको छ।

कार्यक्रममा युएनडीपी, युनीसेफ, युएन वुमन, ह्यान्डीक्याप इन्टरनेशनल र सुन्दर नेपाल संस्था,ट्राफिक प्रहरी, नगर प्रहरी, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, विपद स्वयंसेवक तथा स्थानीय समुदायको सहभागिता रहेको थियो। कार्यक्रममा सडक दुर्घटना पछिको अवस्थालाई कृत्रिम रूपमा प्रस्तुत गर्दै नमुना कृषिम घटना अभ्यास गरिएको थियो।

अभ्यासका सडक दुर्घटनाको दृश्य सिर्जना गरी लापरवाही तरिका र मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा हुने दुर्घटना, घाइतेको उद्धार, भीड व्यवस्थापन तथा कानुनी प्रक्रियाका विषयमा सचेतनामूलक सन्देश प्रवाह गरिएको थियो। कार्यक्रममा "सुरक्षित सडक, सुरक्षित जीवन", "ट्राफिक नियम पालना गरौँ" तथा "मादक पदार्थ सेवन गरेर सवारी नचलाऔँ" भन्ने सन्देश दिइएको थियो।

सुन्दर नेपाल संस्थाका अध्यक्ष माया सापकोटाले कार्यक्रमले सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न तथा दुर्घटना न्यूनीकरणमा समुदायको सहभागिता बढाउन सहयोग पुग्ने जानकारी दिइन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी निरीक्षक रोहित कुमार शाहीले

▶▶ बाँकी ३ पेजमा

## विपद् दुर्घटना बीमा सम्बन्धी सूचना !

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश र राष्ट्रिय बीमा कम्पनी बीच भएको सम्झौता बमोजिम कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई यस प्रदेशमा सरकारी, गैरसरकारी तथा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकको अग्नी, भुकम्प, बाढी, जलमग्न, पहिरो, जमिन धसिने वा भाँसिने, हावाहुरी, महामारी, आगलागी, हिमताल विस्फोटन, ज्वालामुखी विस्फोटन, आँधिवेरी, चट्याङ्ग, शितलहर, हिउँ, असिना जस्ता प्राकृतिक विपद्का कारण मृत्यू भएमा मृतकको हकवालाले घटना भएको मितिले ३५ दिन भित्र राष्ट्रिय बीमा कम्पनीमा देहाय बमोजिमका कागजात पेश गरी विपद् सामुहिक दुर्घटना बीमाको बीमाङ्क वापतको रकम रु दुईलाख लिनु हुन सर्वसाधरणको जानकारीका लागि अनुरोध छ।

**आवश्यक कागजातहरु:**
१. विपद् जोखिम बीमा सम्बन्धी कार्यविधिको अनूसूची-१ बमोजिमको दाबी फाराम
२. मृतकको पोस्टमार्टम रिपोर्ट
३. नाताप्रमाणित प्रमाण पत्र
४. हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि
५.मृत्युदर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
६. सम्बन्धित स्थानीय तहको सिफारिस, घटनास्थल मुचुल्का, सर्जमिन मुचुल्का

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।



# निर्यात प्रवर्द्धनका लागि भ्याटको शून्यदर



✍ **रूप खड्का**

> "यो व्यवस्था मूल्य अभिवृद्धि करको आधारभूत सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्याससँग मेल खाँदैन ।

आर्थिक दृष्टिले प्रभावकारी कर प्रणालीका रूपमा चिनिन्छ- मूल्य अभिवृद्धि कर (भ्याट) । यसलाई बीसौं शताब्दीको सार्वजनिक वित्त व्यवस्थापनमा भएका सबैभन्दा महत्त्वपूर्ण नवप्रवर्तनमध्ये एक मानिन्छ । यसको प्रमुख विशेषता हो- लगानी र निर्यातलाई करको भारबाट मुक्त गर्नु, जसले उत्पादन दक्षता वृद्धि गर्छ अनि अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता पनि सुदृढ बनाउँछ ।

मूल्य अभिवृद्धि कर ऐनअनुसार, स्पष्ट रूपमा छुट दिइएका बाहेक सबै वस्तु तथा सेवामा यो कर लाग्छ । यसको अर्थ हो- यो करको प्रयोजनका लागि वस्तु तथा सेवालाई दुई वर्गमा विभाजन गरिन्छ : करयोग्य र कर छुट । करयोग्य वस्तु तथा सेवालाई पुनः दुई भागमा विभाजन गरिन्छ : सामान्य दर लाग्ने र शून्य दर लाग्ने ।

कर छुट प्राप्त वस्तु तथा सेवाको कारोबार गर्ने आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि करका लागि दर्ता गर्न वा करसम्बन्धी अन्य औपचारिकता निभाउन आवश्यक हुँदैन । तर, आफ्नो व्यवसायका लागि खरिद वा पैठारी गर्ने वस्तु तथा सेवामा यो कर उनीहरूले तिर्नुपर्छ । दर्ता नभएकाले उनीहरू बिक्रीमा कर असुल गर्न सक्दैनन् । र, तिरेको 'इनपुट' कर कटौती वा फिर्ता पनि पाउन सक्दैनन् । त्यसैले उनीहरूको बिक्री कर छुट भए पनि 'इनपुटुस्' मा कर लागिरहने भएकाले कर छुटले पूर्ण रूपमा कर भार हटाउँदैन, आंशिक राहत मात्रै प्रदान गर्छ ।

यसविपरीत, करयोग्य वस्तु तथा सेवा (सामान्य वा शून्य दरअन्तर्गत पर्ने) का आपूर्तिकर्ताले मूल्य अभिवृद्धि करका लागि दर्ता हुनुपर्छ । र, सबै कानुनी दायित्व पूरा गर्नुपर्छ । उनीहरूले 'इनपुट्स' मा कर तिर्नुपर्छ, विक्रीमा कर असुल गर्नुपर्छ र फरक रकम सरकारलाई बुझाउनुपर्छ । 'इनपुट्स' कर बढी भए बढी भएको रकम सरकारबाट फिर्ता माग गर्न सक्छन् ।

निर्यातमा शून्य दर लागू हुन्छ । यसको अर्थ निर्यात करयोग्य आपूर्तिअन्तर्गत पर्छ, तर करको दर शून्य हुने भएकाले निर्यातित वस्तु तथा सेवामा वास्तवमा तिर्नुपर्ने कर शून्य हुन्छ । अर्कोतर्फ निर्यातकर्ताले आफ्नो निकासी कारोबार सञ्चालन गर्ने क्रममा तिरेका सबै ' इनपुट्स' कर फिर्ता पाउँछन् । यी 'इनपुट्स' मा कच्चा पदार्थ, सहायक सामग्री, रसायन, रंग, मेसिनरी, उपकरण, कार्यालय सामग्री, स्टेसनरी, सूचना प्रविधि उपकरण, इन्धन तथा दूरसञ्चार सेवा आदि समावेश हुन्छन् । यसरी शून्य दरले निर्यातलाई करको भारबाट पूर्ण रूपमा मुक्त गर्छ, जसले अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता वृद्धि, विदेशी मुद्राको आम्दानी विस्तार, भुक्तानी सन्तुलन सुदृढीकरण तथा रोजगारी र आर्थिक वृद्धिमा योगदान पुर्‍याउँछ ।

**नेपालको अभ्यास**

नेपालले मूल्य अभिवृद्धि कर प्रणालीलाई यसको मूल सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार लागू गरेको छ । करयोग्य वस्तु र सेवामा १३ प्रतिशतको एकल दर र निर्यातमा शून्य दर लागू गरेको छ । र, केही वस्तु तथा सेवामा कर छुटको व्यवस्था पनि कायम गरिएको छ ।

कर छुट भएका वस्तु तथा सेवा मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-१ मा सूचीकृत छन् । यस्ता वस्तु तथा सेवाको मात्रै कारोबार गर्ने व्यवसायहरूले यस करका लागि दर्ता हुनु पर्दैन । र, यो करसम्बन्धी कुनै औपचारिकता पनि पूरा गर्नु पर्दैन । तर, उनीहरूले 'इनपुट्स' मा तिरेको कर कटौती वा फिर्ता पाउन पनि सक्दैनन् ।

मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-२ ले निर्यातमा शून्य दर लागू व्यवस्था गरेको छ । यसको अर्थ निर्यात शून्य दरमा करयोग्य भए पनि 'इनपुट' कर पूर्ण रूपमा फिर्ता पाउने व्यवस्था छ । यो मूल्य अभिवृद्धि करको सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासअनुसारै हो । तर, नेपालमा मूल्य अभिवृद्धि कर लागू गरेको बेलाको अवस्थामाथि विचार गरेर कर छुट भएका वस्तु तथा सेवाको निर्यातमा यो कर लगाउने सन्दर्भमा केही व्यावहारिक विचलन निम्त्याएको थियो ।

मूल्य अभिवृद्धि करको प्रमुख उद्देश्यमध्ये एक हो- निर्यात प्रवर्द्धन । सन् १९९० को दशकको मध्यतिर मूल्य अभिवृद्धि कर कानुन निर्माणका समयमा नेपालको तेस्रो मुलुकतर्फ हुने निर्यातमा कार्पेट र तयारी पोसाकको हिस्सा ८० प्रतिशतभन्दा बढी थियो । मूल्य अभिवृद्धि कर निर्यातमा शून्य दर लाग्ने भएकाले निकासीकर्ताले 'इनपुट' मा तिरेको कर फिर्ता पाउने हुँदा यी वस्तु विदेशी वजारमा अझ बढी प्रतिस्पर्धी हुने अपेक्षा गरिएको थियो ।

तर, त्यतिबेला कार्पेट तथा तयारी पोसाक संघहरूले सरकारबाट मूल्य अभिवृद्धि कर फिर्ता पाइन्छ भन्ने विश्वास गरेनन् । त्यसैले यी वस्तुलाई कर छुट दिनुपर्ने र मूल्य अभिवृद्धि कर प्रणाली पूर्ण रूपमा लागू भएर कर फिर्ता व्यवस्था सुचारु रूपमा सञ्चालन नभएसम्म कर छुट भएका वस्तु तथा सेवाका निकासीकर्तालाई दर्ता अनिवार्य नगरियोस् भन्ने तिनको धारणा थियो । कर छुटको सूचीमा भएका वस्तु तथा सेवाको निकासी गर्ने व्यक्तिलाई करको मर्म, अन्तर्राष्ट्रिय असल अभ्यास र हाम्रो मूल्य अभिवृद्धि कर कानुनअनुसार दर्ता गर्नुपर्ने भए पनि व्यवहारमा कर छुट भएका वस्तु तथा सेवाको निकासीकर्तालाई मूल्य अभिवृद्धि करमा दर्ता नगर्ने व्यवहार अपनाइयो । र, यस अभ्यासले अहिलेसम्मै निरन्तरता पाइरहेकै छ ।

हाल नेपालमा विदेशी लगानी आकर्षित गर्ने र निर्यात विस्तार गर्ने आवश्यकता अत्यन्तै महत्त्वपूर्ण विषय बनेको छ । यस सन्दर्भमा मूल्य अभिवृद्धि करको सिद्धान्तअनुसार, अनुसूची-१ मा रहेका वस्तु तथा सेवालाई आन्तरिक बिक्रीका लागि मात्रै कर छुट मानिनुपर्छ । तर, यस्ता वस्तु तथा सेवाको निर्यातमा भने शून्य दर लागू गर्दै निर्यातकर्तालाई मूल्य अभिवृद्धि करमा दर्ता गराई तिनीहरुले 'इनपुट्स' मा तिरेको कर निकासीकर्तालाई सरल, शीघ्र र पारदर्शी रूपमा फिर्ता दिने व्यवस्था हुनुपर्छ । साथै यसबारे कर प्रशासन, करदाता र अन्य सरोकारवालाका लागि व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

**निर्यात सेवासम्बन्धी नयाँ चुनौती**

निर्यात सेवामा शून्य दर लागू गर्ने विषयमा विशेषगरी नेपालमा विकसित सफ्टवेयर तथा आईसीटी सेवाहरू विदेशी लगानी भएका कम्पनीले आफ्ना मूल कम्पनीलाई आपूर्ति गर्दा स्पष्टता देखिँदैन । यो विषय २०८० सालको अन्त्यतिर राजस्व अनुसन्धान विभागले कोटिभिटीविरुद्ध दायर गरेको कर विवादपछि विशेष चर्चामा आएको हो । सो समयमा म लाइबेरियामा कार्यरत रहँदा प्रधानमन्त्री कार्यालयका सचिव तथा आन्तरिक राजस्व विभागका महानिर्देशकले यस विषयमा मेरो धारणा मागेका थिए ।

मैले स्पष्ट भनेको थिएँ, 'निर्यात सेवामा शून्य दर लागू हुने र इनपुट्समा तिरेको कर निकासीकर्तालाई कुनै विवादबिना नै फिर्ता हुनुपर्छ ।' यद्यपि औपचारिक निर्णय नभए पनि अनिश्चितता कायमै रहँदा कोटिभिटी जस्ता कम्पनीहरू प्रभावित छन् । र, विदेशी लगानी तथा आईसीटी निर्यातमा नकारात्मक प्रभाव पर्ने जोखिम देखिएको छ ।

**कानुनी व्यवस्था र संशोधन**

मूल्य अभिवृद्धि कर ऐनको प्रारम्भिक अनुसूची-२ मा नेपालबाहिर निकासी गरिने वस्तुहरू, नेपाल बाहिर आपूर्ति गरिने सेवाहरू र परिवर्त्य विदेशी मुद्रामा भुक्तानी प्राप्त हुने वस्तु तथा सेवामा मूल्य अभिवृद्धि करको शून्य दर लाग्ने स्पष्ट व्यवस्था थियो । तर, पछिल्ला संशोधनले यो व्यवस्था सीमित गर्दै (क) नेपालमा बसोबास गर्ने व्यक्तिले नेपालमा कुनै व्यावसायिक उपस्थिति, प्रतिनिधित्व वा कानुनी प्रतिनिधि नभएको विदेशी व्यक्तिलाई सेवा आपूर्ति गर्दा वा (ख) नेपालमा दर्ता भएको व्यक्तिले नेपाल बाहिर बसोबास गर्ने व्यक्तिलाई वस्तु वा सेवा आपूर्ति गर्दा शून्य दर लाग्ने व्यवस्था गरेको थियो । त्यो अहिलेसम्मै कायम छ ।

यो व्यवस्था मूल्य अभिवृद्धि करको आधारभूत सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्याससँग मेल खाँदैन । मूल्य अभिवृद्धि करको मूल आधार 'गन्तव्य सिद्धान्त' हो, जसअनुसार उपभोग हुने स्थानमा कर लाग्छ । त्यसैले आन्तरिक उपभोगमा कर लाग्नुपर्छ र निर्यातलाई शून्य दरमार्फत पूर्ण रूपमा करमुक्त गर्नुपर्छ ।

नेपालमा व्यावसायिक उपस्थिति वा प्रतिनिधित्व हुनु मात्रैले उपभोग नेपालमै भएको प्रमाणित हुँदैन । भन्सार कागजात, विदेशी मुद्रा प्राप्तिको प्रमाण र 'इनपुट्स' मा कर तिरेको प्रमाणका आधारमा वस्तु वा सेवा निर्यात भएको हो भन्ने स्थापित भए कर फिर्ता माग गरेको ३० दिनभित्रै मूल्य अभिवृद्धि कर फिर्ता दिनुपर्छ । ढिलाइ भए वार्षिक १५ प्रतिशत ब्याजसहित फिर्ता दिनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ ।

यस सन्दर्भमा मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-२ को उपदफा (क) ले अनावश्यक अस्पष्टता सिर्जना गरेको छ । त्यसलाई हटाई प्रारम्भिक व्यवस्थाअनुसार 'नेपाल बाहिर आपूर्ति गरिने सेवाहरू' भन्ने स्पष्ट प्रावधान पुनः स्थापित गर्नुपर्छ । नेपालजस्तो भूपरिवेष्टित मुलुकका लागि निर्यात प्रतिस्पर्धात्मकता दिगो आर्थिक विकासको प्रमुख आधार हो । नेपालसँग परम्परागत उत्पादन : जस्तै कार्पेट तथा उच्च मूल्य-न्यून तौल भएका सूचना तथा सञ्चार प्रविधि सेवामा तुलनात्मक लाभ छ ।

डिजिटल सेवाहरू न्यून भौतिक पूर्वाधारमै विश्वव्यापी रूपमा आपूर्ति गर्न सकिने भएकाले निर्यात विस्तारका लागि ठूलो सम्भावना छ । 'तौलरहित र दूरीरहित व्यापार' को अवधारणाअनुसार, मूल्य अभिवृद्धि कर फिर्ता प्रणालीलाई सरल, छिटो, डिजिटल र पारदर्शी बनाउनु आवश्यक छ । निर्यातकर्ताले अनलाइन माध्यमबाट फिर्ता स्थिति ट्र्याक गर्न सक्ने र स्वीकृत रकम सिधै करदाताको बैंक खातामा जम्मा हुने व्यवस्था हुनु आवश्यक छ ।

*(कान्तिपुर)*

# जुम्लाका स्थानीय तहको बेरुजु १८ करोडभन्दा बढी

**◣काली बहादुर परियार**
**जुम्ला, ९ जेठ ।**

जुम्लाका आठ वटा स्थानीय तहको बेरुजु १८ करोडभन्दा बढी देखिएको छ । महालेखा परीक्षकको कार्यालयले ६३ औं वार्षिक प्रतिवेदन अनुसार यहाँका एक नगरपालिका सहित सात गाउँपालिका गरी आठवटै स्थानीय तहको आर्थिक वर्ष २०८१/८२ को कुल बेरुजु रकम करिव १८ करोड ९१ लाख ६४ हजार बराबर रहेको महालेखाको सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

जिल्लाका स्थानीय तहमध्ये सबैभन्दा बढी बेरुजु हिमा गाउँपालिकाको रहेको छ । हिमाको ८२ करोड २८ लाख ९० हजार लेखापरीक्षण गरिएकोमध्ये ३ करोड ३० लाख ७८ हजार अर्थात् ४ दशमलव ०२ प्रतिशत बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनले जनाएको छ ।

त्यसैगरी सबैभन्दा कम चन्दननाथ नगरपालिकाको बेरुजु रहेको छ । नगरपालिकाको १ अर्व ५३ करोड ९२ लाख ६६ हजार गरिएको लेखापरीक्षण रकममध्ये १ करोड ९३ लाख ६७ हजार अर्थात् १ दशमलव २६ प्रतिशत मात्र बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसैगरी दोस्रोमा क्रमश तिला र सिंजा गाउँपालिकाको कम बेरुजु देखिएको छ । तिलाको १ अर्व १२ करोड ९७ लाख ३३ हजार रुपैयाँको गरिएको लेखापरीक्षणमध्ये १ करोड ९४ लाख १९ हजार अर्थात् १ दशमलव ७२ प्रतिशत मात्र बेरुजु देखिएको छ ।

**जुम्लाका स्थानीय तहको आर्थिक वर्ष २०८१।८२ बेरुजु प्रतिशत**

| | |
|---|---|
| १. चन्दननाथ | :- १.२६ प्रतिशत |
| २. तिला | :- १.७२ प्रतिशत |
| ३. सिंजा | :- १.७२ प्रतिशत |
| ४. कनकासुन्दरी | :- २.२६ प्रतिशत |
| ५. तातोपानी | :- २.७६ प्रतिशत |
| ६. पातारासी | :- ३.०३ प्रतिशत |
| ७. गुठीचौर | :- ३.२२ प्रतिशत |
| ८. हिमा | :- ४.०२ प्रतिशत |

त्यस्तै सिंजा गाउँपालिकाको ९२ करोड ८६ लाख ५० हजार रुपैयाँको लेखापरीक्षण गर्दा १ करोड ५९ लाख ६० हजार अर्थात् १ दशमलव ७२ प्रतिशत बेरुजु रहेको रहेको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा सार्वजनिक गरिएको छ ।

कनकासुन्दरी गाउँपालिकाको १ अर्व ५६ करोड ४१ लाख ४० हजार रुपैयाँ लेखापरीक्षण गर्दा १ करोड ४३ लाख १६ हजार अर्थात् २ दशमलव २६ प्रतिशत बेरुजु देखिएको छ । त्यस्तै तातोपानी गाउँपालिकाको १ अर्व १० करोड २९ लाख ७० हजार लेखापरिक्षण गरेको रकममध्ये ३ करोड ४३ लाख अर्थात् २ दशमलव ७६ प्रतिशत बेरुजु देखिएको छ ।

पातारासी गाउँपालिकाको ९५ करोड ७६ लाख ३५ हजार लेखापरीक्षण गर्दा २ करोड ८९ लाख ५० हजार अर्थात् ३ दशमलव ०३ प्रतिशत बेरुजु रहेको पाइएको छ । यसैगरी गुठीचौर गाउँपालिका ८७ करोड १२ लाख ५० हजार रुपैयाँ लेखापरीक्षण गरिएकोमध्ये २ करोड ८० लाख २० अर्थात् ३ दशमलव २२ प्रतिशत बेरुजु देखिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

कर्मचारी र जनप्रतिनिधिले बजेट खर्चलाई मितव्ययी बनाएर काम गर्दा पालिकाको बेरुजु घटेको तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले बताए । जुम्लाका स्थानीय तहले पछिल्लो आर्थिक वर्षमा आर्थिक सुशासन कायम गर्न ध्यान दिएको देखिन्छ ।

गत वर्षभन्दा यो वर्ष ५० प्रतिशतले यहाँका स्थानीय तहको बेरुजु घटेको महालेखा परिक्षकको ६३ औ प्रतिवदेनले जनाएको छ । प्रचलित कानून बमोजिम पुर्‍याउनु पर्ने रीत नर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औल्याइएको कारोबार बेरुजु हो ।

# ज्येष्ठ र अपाङ्गता भएका नागरिकलाई विशेष व्यवस्था गर्न केन्द्रीय बैंकको निर्देशन

**◣युग संवाददाता**
**काठमाडौँ, ९ जेठ ।**

नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र साक्षरता नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन जारी गर्दै त्यस्ता वर्गका ग्राहकलाई विशेष काउण्टर तोकेर सेवा प्रदान गर्न भनिएको हो ।

इजाजतप्राप्त संस्थाले एकापसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक शाखा अपाङ्गमैत्री बनाउनुपर्ने र त्यस प्रकारका शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले 'एटिएमलाउञ्ज' भएका स्थानमा ब्रेललिपिका सङ्केत तथा ध्वनि सहयोगसहितका कम्तीमा एक अपाङ्गमैत्री एटिएम राख्नुपर्ने नेपाल राष्ट्र बैंकले जनाएको छ ।

यस्तो विवरण पनि आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ । अपाङ्गता भएका व्यक्तिले एटिएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङलगायत वित्तीय सेवा व्यक्ति स्वयंले उक्त सेवा उपयोग गर्नसक्ने स्वघोषणा गरेको खण्डमा इजाजतप्राप्त संस्थाले त्यस्तो सेवा उपलब्ध गराउनुपर्नेछ ।

## विश्व

# अमेरिकी विदेशमन्त्री मार्को रुबियो भारतमा

**◣कोलकाता, ९ जेठ ।**

अमेरिकी विदेशमन्त्री मार्को रुबियो शनिबार पहिलो पटक भारत भ्रमणमा आएका छन् । चीनसँगको शिखर सम्मेलनको एक हप्ता पछि उहाँ भारत आएका हुन् ।

रुबियोले भारतको कोलकाताबाट आफ्नो चार दिने, भारत भ्रमण सुरु गरेका छन् । जहाँ उहाँले स्वर्गीय मदर टेरेसाको मिसनरीज अफ च्यारिटीको मुख्यालयको भ्रमण गर्ने कार्यक्रम तय भएको जनाइएको छ ।

यो कार्यक्रम पछि रुबियो नयाँ दिल्ली जाने र प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने अमेरिकी विदेश विभागले जनाएको छ । रुबियोले क्वाडका लागि आएका-अष्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाका विदेश मन्त्रीहरूको बैठकमा पनि सहभागी हुने जनाइएको छ । यसै बीच चीनले भने लामो समय देखि क्वाड माथि शङ्का गर्दै आएको छ ।

यसअघि अमेरिकी राष्ट्रपति ट्रम्पले गत हप्ता चीनको राजकीय भ्रमण गर्नु भएको थियो जहाँ उहाँले केहि घोषणा तथा सम्झौताहरु गर्नु भएको थियो भने राष्ट्रपति सी जिनपिङबाट प्राप्त स्वागतको प्रशंसा गरेका थिए ।

भारतसँग घनिष्ठ सम्बन्धको वकालत गरिरहेका रुबियोले पत्रकारहरूलाई यो भ्रमण आफ्नो जीवनको पहिलो भारत भ्रमण हुने बताएका छन् । रूबियोसँग उनकी श्रीमती जेनेट पनि भारत भ्रमणमा आएको जनाइएको छ भने उनीहरुले भारतको आगरामा प्रेमको विश्व प्रसिद्ध स्मारक ताजमहलको भ्रमण गर्ने कार्यक्रम तय भएको जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आँटले काम लिन नसक्दा केही पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् ।

**वृष** — खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल रहला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ ।

**मिथुन** — विभिन्न सहयोग तथा उपहार प्राप्त हुने समय छ । आयआर्जन पनि मनग्य हुनेछ । कामको चाप भने बढ्न सक्छ ।

**कर्कट** — भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ ।

**सिंह** — काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुनेछ ।

**कन्या** — अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन् । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ ।

**तुला** — विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ । काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ ।

**वृश्चिक** — अध्ययनमा त्यति समय दिन नसकिएला । प्रतिस्पर्धीहरूले वादविवादमा फसाउन सक्छन्, सजग रहनुहोला ।

**धनु** — अनुभवले काम लिने समय छ । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । मनग्य धन आर्जन होला ।

**मकर** — पछिका लागि केही वस्तु त्याग्नुपर्ला । तापनि मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ । टाढाका साथीभाइले काममा साथ दिनेछन् ।

**कुम्भ** — दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ ।

**मीन** — प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।

# जलाशययुक्त आयोजना अगाडि नबढेकामा महालेखापरीक्षकको कार्यालयको प्रश्न

**युग संवाददाता**
**काठमाडौँ, ९ जेठ ।**

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन नभएकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ। महालेखापरीक्षकको कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनअनुसार, सुक्खायामको बिजुलीको माग सम्बोधन गर्न अगाडि बढाउने भनिएका जलाशययुक्त आयोजना अगाडि नबढाइएकामा किन त्यसो भएको हो भनेर जिज्ञासा राखेको छ।

हरेक वर्ष एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना, ७७० मेगावाट क्षमताको दूधकोशी, ४१७ मेगावाट क्षमताको नलसिंहगाड, २८० मेगावाट क्षमताको नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजनाको निर्माण सुरु हुन सकेको छैन।

वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा अगाडि बढाउने भनिएको ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्सा, ७० दशमलव तीन मेगावाट क्षमताको सिम्बुवा निर्माण अगाडि बढाउने गरी नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएको छ।

बूढीगण्डकी जलविद्युत् आयोजना बजेट अभावले सुरु हुन नसकेको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा समावेश छ। दूधकोशी जलविद्युत् आयोजनाको लगानीको प्रारुप तय हुन नसकेको, नलसिंहगाड, सिम्बुवा र नौमुरे जलविद्युत् आयोजनाको खरिद पूर्वका कार्य सम्पन्न नभएकाले निर्माण सुरु हुन नसकेको पाइएको छ।

राष्ट्रिय गौरवका योजना र रुपान्तरणकारी योजनाका तोकिएका लक्ष्य पूरा नभएको, आयोजनाको वर्गीकरणको आधार तथा मापदण्डको पूर्ण कार्यान्वयन नभएको पाइएको छ। त्यस्तै, बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले ठेक्का अन्त्य गरी निर्माण व्यवसायीबाट असुल गर्ने निर्णय भएको क्षतिपूर्तिसहित रु दुई करोड चार लाख ७४ हजार असुल नगरेको लेखापरीक्षणबाट देखिएको छ। मन्त्रालय मातहतका १३ निकायअन्तर्गतका ६६




> राष्ट्रिय गौरवका योजना र रुपान्तरणकारी योजनाका तोकिएका लक्ष्य पूरा नभएको, आयोजनाको वर्गीकरणको आधार तथा मापदण्डको पूर्ण कार्यान्वयन नभएको पाइएको छ।

निर्माण रु एक अर्ब ३३ करोड ५३ लाखको कार्य सम्पन्न भई अधुरो रहेको छ। रानीजमरा कुलरिया सिँचाइ आयोजनाको लम्की मूल नहरअन्तर्गत शाखा नहर निर्माण सुरु गर्ने, महाकाली सिँचाइ आयोजानको तेस्रो चरणको त्रिभुवन बस्तीलगायत शाखा नहर विस्तार अगाडि बढाउने लक्ष्य राखिएको भए पनि स्रोत सहमति प्राप्त हुन नसक्दा निर्माण कार्य सुरु नभएको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा समावेश छ।

मध्यतराईका पाँच जिल्लाका एक लाख २२ हजार हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुऱ्याउन अगाडि बढाइएको सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडबर्क्स, पावर हाउसलगायतका संरचना निर्माण गर्ने लक्ष्य राखिएको भए पनि ती काम अगाडि बढ्न सकेको छैन।

**राष्ट्रिय गौरवका आयोजनाको लागत बढ्यो**

प्रतिवेदनअनुसार, राष्ट्रिय गौरवका आयोजनाहरुको लागत बढ्न गएको छ। मन्त्रालय मातहत विभिन्न छ वटा राष्ट्रिय गौरवका आयोजना छन्। सुरु लागत अनुमाान रु एक खर्ब एक अर्ब ८३ करोड रहेकामा एक सय १३ प्रतिशतसम्म वृद्धि भएको छ। वृद्धिपछि लागत अनुमान रु दुई खर्ब १७ अर्ब १६ करोड बराबर पुगेको छ। हालसम्म ती आयोजनामा रु एक खर्ब चार अर्ब ९२ करोड बराबर खर्च भएको छ। तर भौतिक प्रगति भने न्यूनतम २६ दशमलव ६५ प्रतिशत र अधिकतम ८२ दशमलव २७ प्रतिशत मात्रै भएको छ।

सुनकोशी मरिण डाइभर्सन आयोजनाको बाँधस्थल र विद्युत्गृहको ठेक्का सम्झौता अन्त्य भए पनि हालसम्म नयाँ ठेक्का लाग्न सकेको छैन। ऊर्जातर्फको बूढीगण्डकी जलविद्युत् आयोजनाको सुरुआती लागत रु दुई खर्ब ६० अर्ब रहेकामा संशोधित लागत रु तीन खर्ब ९८ अर्ब दुई करोड कायम भएको छ। यो लागत समेत थप बढ्ने देखिन्छ। सो आयोजनामा रु ४५ अर्ब ११ करोड बराबरको रकम मुआब्जा वितरण भइसकेको छ। लगानी मोडालिटी तय भए पनि निर्माण सुरु हुन सकेको छैन। जग्गा विवाद, वित्तीय प्रारुप समयमा टुङ्गो नलाग्नु, बजेट अभाव हुनु, वनसम्बन्धी समसय, कार्ययोजनाअनुसार काम हुन नसक्नुलगायतका कारणले ठूला आयोजनामा अपेक्षित प्रगति हुन सकेको छैन। सोही कारण आयोजनाको समय र लागत दुवै बढ्न गएको छ।

आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने, अनुमगन र अन्तरनिकाय समन्वय, बजेट सुनिश्चिततालगायतका विषयलाई ध्यान दिई कार्यसम्पादन सम्झौताको कार्यान्वयन स्थिति मूल्याङ्कन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्नुपर्नेमा महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ।

**प्रसारण लाइनको प्रगति न्यून**

प्रतिवेदनअनुसार, कर्णाली करिडोर ४०० केभी प्रसारण लाइनको प्रगति २४ दशमलव २८ प्रतिशत मात्रै रहेको छ । भेरी करिडोर ४०० केभी प्रसारण लाइनको दुई दशमलव शून्य एकमात्रै भौतिक प्रगति भएको छ। किमाथाङ्का अरुण हव ४०० केभी प्रसारण लाइनको दुई दशमलव ७७, पश्चिम सेती नयाँ अत्तरिया ४०० केभी प्रसारण लाइनको प्रगति शून्य दशमलव ८९ प्रतिशत बराबर मात्रै भएको छ।

तमोर हब चाँगे ढुङ्गे साँघु २२० केभी प्रसारण लाइनको प्रगति पनि मात्रै दुई दशमलव ६३ प्रतिशत मात्रै भएको छ। रुपान्तरणकारी आयोजनाअन्तर्गत ऊर्जा मन्त्रालयका दुई अन्तरदेशीय र १६ राष्ट्रिय प्रसारण लाइन आयोजना कार्यान्वयनमा छन्।

लमाबगर बाह्रबिसे प्रसारण लाइन एक दशमलव ११, शीतलपाटी ढुङ्गेसाँघु प्रसारण लाइनको प्रगति मात्रै शून्य दशमलव २१ प्रतिशत बराबर छ। अधिकांश आयोजनामा जग्गा प्राप्ति, वनको समस्या तथा रुख कटानमा ढिलाइलगायतका काराणले कार्य प्रगतिमा बिलम्ब भएको प्रतिवेदनमा उल्लेख छ।

# जुम्लामा घरमै पुग्यो राहदानी



**युग संवाददाता**
**जुम्ला, ९ जेठ ।**

जिल्ला प्रशासन कार्यालय जुम्लाले हुलाकमार्फत सेवाग्राहीको घरमै राहदानी पुऱ्याउन सुरु गरेको छ। जिल्लाका आठवटै स्थानीय तहमा हालसम्म १४९ वटा थान राहदानी घरमै सेवाग्राहीको घरमै पुऱ्याइएका जिल्ला प्रशासन कार्यालय जुम्लाका राहदानी शाखाका प्रमुख नरबहादुर बुढाले जानकारी दिए।

प्रशासन कार्यालय र हुलाक कार्यालय जुम्लाबीच सेवाग्राहीको राहदानी घरमै पुऱ्याउनका लागि भएको सम्झौताअनुसार गत वैशाख २४ गते ६१ थान राहदानी हल्काराबाट घरमै पुगेर प्रदान गरिएको छ।

त्यसैगरी वैशाख २८ गते १९ वटा र यही जेठ ५ गते २५ वटा राहदानी घरमै पुऱ्याइएको छ। गत चैत १३ गते सरकारले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० दिने कार्यसूचीअन्तर्गत जिल्लामा पहिलोपटक सेवाग्राहीको घरमै पुगेर राहदानी उपलब्ध गर्ने लागिएको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको भनाई छ।

जिल्ला हुलाक कार्यालयमार्फत सम्बन्धित राहदानी धनीको घरमै पुऱ्याउने व्यवस्था गरिएको छ। राहदानी बुझ्दा अनिवार्य रूपमा आफ्नो पहिचान खुल्ने आधिकारिक सरकारी कागजात (नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता नामावली) साथमा राख्नुपर्नेछ।

कुनै अन्य व्यक्तिमार्फत राहदानी बुझ्नुपर्ने भएमा सम्बन्धित व्यक्तिको एकाघरको नाता खुल्ने कागजातसमेत साथमा आवश्यकपर्ने प्रमुख जिल्ला अधिकारी पौडेलले बताए। हुलाक कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख गणेशदत्त रावलले हुलाकमार्फत राहदानी बुझिलिनेसम्बन्धी प्रशासनसँग सम्झौता भएको छ।

नागरिकको राहदानी घरमै वितरणका लागि हुलाक कार्यालयले हल्कारामार्फत बढीमा तीन दिनभित्र सेवाग्राहीको घरमै सुरक्षित रुपमा पुऱ्याउने हुलाक कार्यालय जुम्लाले जनाएको छ। राहदानी लिन सदरमुकामसम्म धाउनुपर्ने अवस्था रहेकामा सो अवस्थाको अन्त्य गर्दै नागरिकलाई घरदैलोमा नै पुऱ्याउने गरी सेवा सुरु गरिएको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ।

## सडक...

भने "हालका जल्दाबल्दा विपद तथा समस्यामध्ये सडक दुर्घटना एक प्रमुख चुनौतीको रूपमा देखा परेको छ। नेपालमा हुने दुर्घटनाको तथ्यांक अनुसार हरेक दिन औसतमा ७ जनाले ज्यान गुमाइरहेका छन्। यसले सडक सुरक्षाको अवस्था निकै गम्भीर रहेको देखाउँछ।

त्यसैले नागरिकमा अनुशासनको भावना विकास हुनु अत्यन्त आवश्यक छ, विशेषगरी सडक अनुशासन र ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्ने आवश्यकता अझ बढी महसुस भएको छ। सबैले जिम्मेवार भएर सवारी सञ्चालन गर्ने र ट्राफिक नियमको पालना गर्ने हो भने धेरै दुर्घटना न्यूनीकरण गर्न सकिन्छ।"

## जुम्लाका...

चट्टानी पहाड फोडेपछि सिमकोट राष्ट्रिय राजमार्गसँग जोडिएको हो । सेनाले २०८१ वैशाखमा कर्णाली करिडोरअन्तर्गत हुम्लाको लालीबगर-दुल्लीकुना खण्डको ११ किमि ट्र्याकको ब्रेकथ्रु गरेको थियो । सेनाले हाल कालीकोट-बाजुरा जोड्ने घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोलाको ११.५ किमि सडकको नयाँ ट्र्याक खोल्ने काम गरिरहेको छ । जसमध्ये हालसम्म साढे ५ किमि ट्र्याक खोलिसकिएको छ । अब ६ किमि ट्र्याक खोल्न बाँकी छ । यसखण्डमा यसअघि नै सडक बनिसके पनि सेनाले दुरी छोट्याउन एलाइमेन्ट परिवर्तन गरी नयाँ ट्र्याक खोल्न लागेको हो।

कर्णाली करिडोरअन्तर्गत कालीकोटको खुलालुदेखि चीनको सीमा हिल्सासम्म २६९ किमि सडकलाई दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ।

खुलालुदेखि हुम्लाको सल्लीसल्लासम्मको सडकमध्ये ३० किमि ग्राभेल र एक किमि ढलान भइसकेको छ । कल्भर्ट निर्माण, साँघुरा सडक फराकिलो बनाउने काम भइरहेको खुलालु-सल्लीसल्ला सडक योजना प्रमुख विसुन्दास लामाले बताए । उनले ५० किमि सडक कालोपत्र गर्ने प्रक्रियासमेत अघि बढाइएको जानकारी दिए । उनका अनुसार ५० किमि सडक कालोपत्र गर्ने स्रोत सुनिश्चित भई दुई खण्डमा ठेक्का आह्वान गरिएको छ । पिलीचौर-कुबाडी २३.७ किमि र कुबाडी-तुम्चा २७.३ किमिका लागि छुट्टाछुट्टै ठेक्का लगाइ कालोपत्रका लागि स्टक्चरका विभिन्न काम सुरु भएको उनले बताए । करिडोरको उत्तर खण्ड (सल्लीसल्ला-सिमकोट-हिल्सा) १४६ किमि सडक फराकिलो बनाउने काम भइरहेको छ। *(नागरिक)*

# दाङका गन्धर्व समुदाय वैकल्पिक पेसा अपनाएर जीविकोपार्जन गर्दै

**युग संवाददाता**
**दाङ, ९ जेठ ।**

पहिलेपहिले गाउँगाउँमा पुगेर सारङ्गी बजाएर जीविकोपार्जन गर्दै आएका यहाँका गन्धर्व समुदायले केही वर्षदेखि पुख्र्यौली पेसा छोडेर आयआर्जनका लागि वैकल्पिक पेसा अँगालेका छन्।

आधुनिक गीतसङ्गीतप्रति आकर्षण बढ्नु, प्रविधिको विकासका साथै समाजले आफूहरूलाई हेर्ने दृष्टि फरक भएकाले परम्परादेखिको पेसा छोडेर आत्मनिर्भर बन्नका लागि वैकल्पिक पेसा अँगालेर जीविकोपार्जन गर्दै आएको उनीहरूको भनाइ छ।

बीस वर्ष पहिलेदेखि जिल्लाका ग्रामीण क्षेत्रका साथै तुलसीपुर, घोराही, लमहीका बजारक्षेत्रमा गीत गाउँदै हिँडेका तुलसीपुर उपमहानगरपालिका-४ रक्षाचौर गन्धर्व टोलका ६० वर्षीय गोपाल गन्धर्वले पुख्र्यौली पेसाबाट आम्दानी हुन छाडेपछि वैकल्पिक पेसा रोज्न बाध्य भएको बताए।

"हामीलाई समाजले हेला गर्ने दृष्टिकोण, आधुनिक गीतसङ्गितको आकर्षण बढ्नु, राज्यले पनि वेवास्ता गर्नुलगायत कारणले गाउने पेसाबाट खानलाउन नपुग्ने अवस्था आएपछि पाँच वर्षपहिले पुख्र्यौली पेसा छोडेर दैनिक मजदुरीलगायत अन्य काम गर्न थालेका छौँ", उनले भने। सोही पेसाबाट घरखर्च चलाउने, नातीनातीना पढाउनेलगायत खर्च व्यवस्थापन भइरहेको उनले बताए।

गोपालका अनुसार यस टोलमा ६३ परिवार छन् भने रक्षाचौरस्थित गणेश गन्धर्व टोलमा चार सयबढी गन्धर्व परिवार बसोबास गर्दै आएका छन्। अहिले यस टोलका पाँच जनाले मात्र पुख्र्यौली पेसा अँगालेका उनले जानकारी दिए। ती पाँच जना पनि कुनै काम नपाएको बेलामा मात्र गाउँदै हिँड्छन्। हातमुख जोड्न साह्रै मुस्किल परेकाले यो पेसा गर्न नपरोस् भन्ने सोच सबैको रहेको गोपालले बताए।

अहिलेको पुस्ताले गायन पेसाप्रति देखाएको उदासीनताले आफ्नो जातिको अस्तित्व सङ्कटमा पर्नसक्ने चिन्ता बढेको गणेशटोलका ७६ वर्षीय शालिकराम गन्धर्वले बताए। युवा पुस्तालाई आर्थिक रूपमा सक्षम बनाएमा मात्र संस्कृति र जातीय पहिचान जोगाउन पुख्र्यौली पेसा अँगाल्न सकिने उनको भनाई छ।

शालिकरामका अनुसार अहिले गन्धर्व समुदायका बालबालिका अध्ययनका लागि विद्यालय जान थालेका छन्। युवाहरू आयमूलक काम, ज्याला, मजदुरलगायत काममा आबद्ध हुन थालेका छन् महिलाले वनजङ्गलबाट सालको पाट टिपेर तुलसीपुर बजारमा बिक्री गरी आम्दानी गर्न थालेका उनले जानकारी दिए। कपिय युव भने भारतमा ज्याला मजदुरी गर्न गएका छन्।

पुर्खाहरू सल्यानको हिउल्चाबाट दाङमा आएका स्थानीय टेकबहादुर गन्धर्वले बताए। उनका अनुसार पुर्खौली पेसाबाट हातमुख जोर्न मुस्किल भएपछि पलायन भएका गन्धर्व हाल दाङको तुलसीपुर, घोराही, पातेटाकुरा, एकलीलगायत स्थानमा फलफूल तथा तरकारी बिक्री गर्ने, ज्याला, मजदुरी, माछा मार्ने, मादल बनाउनेलगायत काम गरेर जीविकापार्जन गर्दै आएका छन्।

"आफू पनि पहिले मानामुठी अन्न बटुल्ने क्रममा दाङ, सल्यान, रुकुम, रोल्पालगायत स्थानसम्म पुग्ने गर्दथे। सो पेसाबाट घरपरिवार पाल्न नसकेपछि हाल तुलसीपुरमा आएर मजदुरी गर्दै आएको छु", टेकबहादुरले भने। जातीय पहिचान बोकेका गन्धर्वको संस्कृति, परम्परा र पुर्खौली पेसा हराउन थालेकामा उनले चिन्ता व्यक्त गरे।

"गाइनेहरूले हिजोआज गायकगायिकाका गीतहरू मात्र सुनाउने गर्दछन्। आफूले खासै मेहनत नगरेकाले पनि परम्परागत शैली हराइसकेको छ। त्यस्तै अहिले युट्युब, टिकटकले गर्दा गन्धर्वका गीत सुन्न कसैले रुचाउँदैन", टेकबहादुरले भने। सोही कारणले अधिकांश युवा रोजगारीका लागि भारतमा जाने गरेका उनको भनाई छ। नयाँ गायकको नक्कल गर्ने, सामाजिक सञ्जाल र सञ्चारमाध्यमको बढ्दो प्रयोग तथा युट्युब हेर्ने प्रवृत्तिले लोकप्रिय 'कर्खा भाका' हराउन लागेकामा गन्धर्व समुदायका अगुवा एवं गायक सुशील गन्धर्व चिन्तित छन्। उनले भने, "कुनै घटनाको कथावस्तुलाई गीत बनाएर गाइने 'कर्खा भाका' अहिले सबैलाई गाउन आउँदैन। गन्धर्वको उत्थानमा कसैले पनि ठोस प्रयास नगरेकाले नेपाली संस्कृतिको एउटा अध्याय मेटिने हो कि भन्ने डर लागेको छ।"

कक्षा-९ को नेपाली विषयमा लोकबाजा भन्ने पाठमा आफ्ना बारेमा लेखिएको पाउँदा अत्यन्तै खुसी लागेको लागको सुशीलले बताए। स्थानीय सरकारबाट हालसम्म आफूले वा समुदायले कुनै पनि सहयोग नपाएको भन्दै कला, संस्कृति र मौलिक परम्परा संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्न स्थानीय सरकारले विशेष योजनासहित प्रभावकारी कदम चाल्नुपर्नेमा उनले जोड दिए।

"हरेक चुनावमा हामीलाई भोट बैंकका रूपमा मात्र प्रयोग गरिन्छ। लोपोन्मुख यो संस्कृतिको जगेर्नाका लागि तीनै तहका सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने र यस समुदायका युवालाई रोजगारी तथा आयआर्जनका काममा लगाउन राज्यले उचित नीति बनाउनुपर्छ", उनले माग गरे।

पहिला सञ्चारको विकास नभएको समयमा समाजमा भएका राम्रा, नराम्रा घटनालाई गीत बनाएर सुसेल्ने गन्धर्वको पेसा हराउँदै जानु नेपाली संस्कृतिका लागि विडम्बनाको विषय भएको संस्कृतिविद् एवं प्राचार्य निर्मला डाँगीले बताए।

# श्रम ऐनको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकलाई श्रम मन्त्रालयको निर्देशन

**युग संवाददाता**
**काठमाडौँ, ९ जेठ ।**

युवा, श्रम तथा रोजगार मन्त्रालयले नेपाल राष्ट्र बैंकलाई श्रम ऐनको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिएको थियो। वैशाख ३१ गते दिएको मन्त्रालयको उक्त निर्देशनलाई सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकले जेठ ८ गते देशभरका 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका लागि जारी एकीकृत निर्देशन, २०८२ मा संशोधन गरी अतिरिक्त कार्यालय समय (ओभर टाइम) सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ।

संशोधित व्यवस्थाअनुसार अतिरिक्त समयमा काम गराउँदा प्रचलित कानुनबमोजिम अतिरिक्त पारिश्रमिक (ओटी अलाउन्स) दिनुपर्ने, कर्मचारीलाई अतिरिक्त समय काम गर्न बाध्य पार्न नपाइने, श्रम ऐन तथा श्रमिक अधिकारको पूर्ण पालना गर्नुपर्ने व्यवस्था छ।

यसअघि श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले नेपाल राष्ट्र बैंकलाई पत्राचार गर्दै बैंक तथा वित्तीय संस्थामा कार्यरत श्रमिक तथा सुरक्षा गार्डलगायत आउटसोर्सिङमार्फत कार्यरत जनशक्तिको न्यूनतम पारिश्रमिक, सेवासुविधा र श्रम कानुनको कार्यान्वयन सुनिश्चित गर्न आग्रह गरेको थियो।

नेपाल राष्ट्र बैंकले गरेको यो संशोधन श्रम ऐन कार्यान्वयनको दृष्टिले ऐतिहासिक कदमका रूपमा हेरिएको छ। लामो समयदेखि अतिरिक्त समय काम गरे पनि उचित पारिश्रमिक नपाउने समस्याबाट बैंक तथा वित्तीय क्षेत्रका हजारौँ कर्मचारी लाभान्वित हुने अपेक्षा गरिएको छ।

## शुक्लाफाँटा...

गरिएको छ।

नगर प्रवक्ता लालबहादुर ऐरले यस सेवालाई मानवीय संवेदनासँग जोडिएको एक महत्वपूर्ण र संवेदनशील कार्यक्रमका रूपमा व्याख्या गरे। "मृत्युलाई कसैले टार्न सक्दैन, तर कम्तीमा टाढा रहेका आफन्तले घर फर्केर मृतकको अन्तिम दर्शन गर्न पाऊन् भन्ने हाम्रो चाहना हो," उनले भने। नगरपालिकाले आवश्यक परेका परिवारको घरदैलोमै नगर प्रहरीमार्फत यो यन्त्र पुऱ्याउने व्यवस्थासमेत मिलाएको छ।

त्यसैबीच, नगरपालिकाले आगामी असार मसान्तभित्रै शव वाहन सेवा सञ्चालनमा ल्याउने अन्तिम तयारी गरेको छ। पूर्वाधार शाखा प्रमुख धामीका अनुसार शववाहन खरिदका लागि ठेक्का प्रक्रिया पूरा भइसकेको र असारभित्रै गाडी नगरपालिकामा आइपुग्नेछ। शव चिस्यान र शववाहन दुवै सेवा पूर्ण रूपमा सञ्चालनमा आएपछि नगरवासीलाई थप राहत पुग्नेछ।

आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारका लागि निजी क्षेत्रबाट यस्तो सेवा लिन निकै महँगो पर्ने भएकाले स्थानीय बासिन्दाले नगरपालिकाको यस लोककल्याणकारी एवं सेवामूलककार्यको स्वागत गरेका छन्।

## रानीजमरा कुलरिया आयोजना :

# उत्पादित विद्युत्को हिसाब गर्न सुझाव



◣युग संवाददाता
काठमाडौँ, ९ जेठ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको रानीजमरा कुलरिया सिँचाइ परियोजनाले नियमित सिँचाइका साथै विद्युत् पनि उत्पादन गर्दै आएको छ। सो बिजुलीको हिसाब किताब नभएको देखिएपछि महालेखापरीक्षकको कार्यालयले आयोजनाबाट उत्पादित विद्युत्को हिसाब किताब गर्न सुझाव दिएको हो।

महालेखापरीक्षाकको कार्यालयले ६३औँ वार्षिक प्रतिवेदनमा आयोजनाबाट उत्पादित बिजुली यकिन गरी प्राधिकरणबाट विद्युत् बिक्री बापतको रकम असुल गर्न सुझाव दिएको छ। सो आयोजनाबाट चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन भइरहेको छ। आयोजनाका अनुसार विसं २०८० मङ्सिरदेखि नियमित विद्युत् उत्पादन भई नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा जोडिँदै आएको छ।

सिँचाइ आयोजना भए पनि परियोजनामा बिजुलीसमेत उत्पादन भएपछि स्थानीय र सम्बद्ध आयोजनाका अधिकारी पनि उत्साहित भएका छन्। तराई क्षेत्रमा आठ मिटर बराबरको हेड (उचाइ) उपलब्ध भएपछि बिजुली उत्पादन गरिएको आयोजना कार्यालयले जनाएको छ।

उत्पादित बिजुली र आयोजना सञ्चालनको आवश्यक ढाँचा भने तय हुन सकेको छैन। सोही विषयमा महालेखापरीक्षकको प्रतिवेदनमा प्रश्न उठाइएको छ। सिँचाइसँगै बिजुली पनि उत्पादन सुरु भएकाले के कसरी सञ्चालन गर्ने, त्यसबाट प्राप्त हुने आम्दानीको बाँडफाँट कसरी गर्ने भन्नेबारेमा आवश्यक निर्णय नभएकामा किन त्यसो भएको हो भनेर प्रतिवेदनमा प्रश्न उठाइएको हो।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले त्यसको आवश्यक तयारी गरिरहेको बताए पनि लामो समयसम्म निर्णय हुन सकेको छैन। सो आयोजनाबाट उत्पादित बिजुली व्यवस्थापन सम्बन्धमा मन्त्रालय र प्राधिकरणबीच वि.सं. २०७८ जेठ ११ मा सम्झौता भएको थियो। सोहीअनुसार मान्य अवधि एक वर्षको हुने उल्लेख थियो। सो अवधिपश्चात् म्याद थप गर्नुपर्ने वा सो अवधिभित्र विद्युत् खरिद सम्झौतामा दुवै पक्षले हस्ताक्षर गर्नुपर्ने व्यवस्था गरिएको थियो।

सो आयोजनाको सिँचाइ नहरमार्फत उत्पादन भएको विद्युत् गृह सञ्चालनमा ल्याई विसं २०८१ माघ २ गते आयोजनालाई हस्तान्तरणसमेत भइसकेको छ। प्रतिवेदनअनुसार दुई करोड ६० लाख ५६ हजार युनिट प्राधिकरणले प्रयोगमा ल्याइसकेको छ।

विद्युत् बिक्रीबाट प्राप्त भएको रकम हालसम्म उपलब्ध हुन सकेको छैन। सम्झौता भएको एक वर्षभित्र विद्युत् खरिद सम्झौता गर्नुपर्नेमा तीन वर्षभन्दा बढी अवधि व्यतित हुँदा समेत सम्झौता नभएकामा महालेखापरीक्षकको कार्यालयलेप्रश्न उठाएको हो।

## घुयँत्रो

हिजोका दिनमा भाटभटेनिका मालिक मीन बहादुर र सावित्री गुरुङले एमाले पाटि बनाईदिने गरि जग्गादान गरेछि त्यसरी व्यक्तिबाट दान वा सहयोग लिएर पाटि अफिस बनाईन नहुने भन्दै कडा विरोध गरेपछि अध्यक्ष वलिले वलिको चाहना विपरित बोलेको भन्दै विन्दा पाण्डे र उषाकिरण तिम्सिनालाई पाटि पदबाट निलम्बन गरेका थिए र ती दुई महिलानेतृले त्यो घटनाको जति विरोध गरेपनि वलिले उनिहरुको कुराको कुनै सुनुवाई गरिएको थिएन। अब जब गुरुङको जग्गा नलिने निर्णय वलिले आँफै गरि सकेपछि २ जनाले निलम्बित भएर ब्यहोरेको अपमानको मुल्य वलिले चुकाउनु पर्दैन ? उनको त्यो बेलाको अहंकार र दम्भ त्यत्तिकै माफ हुन्छ।उनकैअहंकारले निम्त्याएको जेनजी आन्दोलन र जेनजी आन्दोलन पछि वलिको पतन र नयाँ सरकार आएछि उसले गरेका क्रियाकलाप र भष्टाचारीहरुले आफ्नो र पाटि तथा नेताको स्वार्थका लागि गरेका सबै काम उल्ट्याउँदै गएछि वलिले आफू र आफ्ना नेताहरुलाई स्वास्थ्य उपचारका नाममा राज्यको ढुकुटिबाट उपलब्ध गराएको ३ करोड ८५ लाख रुपैयाँ समेत राज्यकोषमा फिर्ता गरेसँगै मीन बहादुरले दिएको जग्गा फिर्ता गरि पाटि केन्द्रीय कार्यालय बल्खुमानै गराउने समेत निर्णय गरेका छन। आफू सत्तामा रहँदा जतातै अराजकता भष्टाचार र दलालि फस्टाउने बाटो खोलिदिएका वलिले राज्यको ढुकुटी स्वविवेकमा चलाउने जुन पर्यत्न गरे त्यसकै कारण देशमा दुबै दिनको आन्दोलनमा वलि सत्ता छोडेर भाग्ने अबस्था आयो। उनका कर्तुतलाई लिएर अदालत पुग्दा समेत उनैले नियुक्त गरेका दलका न्यायाधीशहरुले वलिलाई खुला छोडे। अब वलि केही दिनको विश्राम पछि अब पुन राजनितीमा सक्रिय भएर लाग्न थालेका छन। त्यै सक्रियताको प्रतिफलस्वरुपनै वलिले मिनबहादुरको जग्गा फिर्ता गर्ने सँगै राज्यकोषबाट लिएको करिब ४ करोड रुपैयाँ फिर्ता गर्ने निर्य गरेका हुन। मंशिरमा भएको महाधिवेशनमा आफू र आफ्ना मुठ्ठि भित्रका मान्छेहरुलाई मात्र चुनाब जिताएर विपक्षि बिहिन केन्द्रीय समिति गठन गर्न सफल भएका वलिले मंशिरको महाधिवेशन पछि पहिलो पटक गएको साताको अन्तिमदिन तिरबाट मात्रै केन्द्रीय सचिवालयको बैठक बोलाएर पाटि चलायमान बनाउँदैछन। पाटि भित्रका विरोधिहरुलाई पेलेरै पाटि र सरकार चलाउनमा खप्पिस वलि,जेनजी आन्दोलनले तहसनहस बनाउँदानि उनमा कुनै पश्चाताप छैन। पाटिकोविधान संसोधन गरेर अध्यक्ष भएछि अरु २५ बर्ष पाटिमा आफ्नो विरुद्ध कसैलाई टेक्न नदिने लक्ष्य सहित आएका वलिलाई भदौ २३/२४ को आन्दोलनले सत्ता छोडेर भागाभाग गर्ने अबस्थामा पुर्याएपनि उनी टसकोमस भएका छैनन। पाटिमा आएका केही कुरालाई मत्थर पारेर जान भन्दानि सरकारी धरपकडबाच वच्न केही गतिविधि शुरु गरेका छन।राज्यकोषबाट खाएको औषधि उपचार फिर्ता गर्नु उनको त्यै गतिविधि भित्र पर्छ। करिब ६ महिनापछि चलेको पाटि बैठकमा वलिको सामान्य विरोधका स्वरहरु उठन थालेका छन तर पनि उनी आफ्नो कियाकराया प्रति पटक्कै पश्चाताप नगरेर डटने मुडमाछन। जेनजी आन्दोलन, चुनाब अनि चुनाबबाट एमाले दल उँधोगतिमा लाग्दानि वलिकै कारण यस्तो भयो भन्ने स्वर कुनै कार्यकर्ताबाट नउठनु वलिका लागि प्लस पोन्ट मानिन्छ। चुनाबि परिणामकै कारण अलिअलि झस्कियका वलि फेरि पुरानै अबस्थामा आउन प्रचण्डको पाटिसित एकीकरण गर्ने सम्भावनापनि बलियो देखिँदैछ। एकिकरणलाई सहज बनाउनका लागि नै माओवादि नेता बादललाई आफ्नो बरियतामा ल्याउन कोशिस गरेको देख्दा वलि हिजोका आफ्नो पाटिका र दुखसुखमा सँगै हिँडेका साथी भन्दा घुरपसुवालाई पाटिमा स्थान दिन खोजेको देख्दा कार्यकर्तानि दिक्दार भैसकेका छन। वलिको यो व्यवहार कतिन्जेल सैय हुनसक्ला आँफैमा ताज्जुप लाग्दोछ। जेनजी आन्दोलनले बढारेका पाटि र तिनका नेताहरु अब सत्तामा पुग्न कठिन छ र पनि वलि भने मुठ्ठिभर कार्यकर्तालाई साथमा लिएर हिँडने पर्यत्नमा लागेको देख्दा वलिको साहसलाई भने मान्नै पर्छ। अस्तु।

# हावाहुरीले ध्वस्त बनायो तिलाको ज्योति मावि राँसामालापानी

◣गोल्डेन बुढा
जुम्ला, ९ जेठ ।

शुक्रबार राती करिब ८ बजे जुम्लाको तिला गाउँपालिका-९ स्थित ज्योति माध्यमिक विद्यालय राँसामालापानीमा आएको भीषण हावाहुरीले एउटा विद्यालय मात्रै भत्काएन, त्यसले एउटा दुर्गम गाउँले वर्षौंदेखि बोकेको उज्यालो भविष्यको सपना नै चकनाचुर बनाइदियो।

केही क्षणमै आएको आँधीले विद्यालय भवनका छाना उडायो, काठका संरचना ढाल्यो, कक्षाकोठा तहसनहस बनायो र पठनपाठनका सामाग्री भग्नावशेषमा परिणत गरिदियो। विद्यालयमा जडान गरिएको सौर्य ऊर्जा प्रणालीसमेत पूर्णरूपमा नष्ट भएपछि विद्यालय अहिले अन्धकारको बीचमा उभिएको छ।

हिजोसम्म बालबालिकाको हाँसो, प्रार्थना र पढाइको आवाजले गुञ्जिने विद्यालय परिसर अहिले च्यातिएका जस्तापाता, ढलेका काठ र सन्नाटाले भरिएको छ। जहाँ शिक्षकले भविष्य देख्थे, अभिभावकले आशा देख्थे र विद्यार्थीले सपना देख्थे, त्यही ठाउँ अहिले विपत्तिको पीडादायी स्मृतिमा बदलिएको छ।

स्थानीय हरिबहादुर थापाका अनुसार यो विद्यालय पढ्ने ठाउँ मात्रै थिएन, गाउँको आशा थियो। दुर्गम बस्तीमा अभावसँग संघर्ष गर्दै आफ्ना छोराछोरीलाई पढाउन खोज्ने अभिभावकका लागि ज्योति मावि उज्यालो भविष्यको भरोसा बनेको थियो। तर, प्राकृतिक विपत्तिले त्यो भरोसामाथी नै निर्मम प्रहार गरेको छ। प्रधानाध्यापक मोतिराम बुढाका अनुसार हावाहुरीपछि विद्यालय परिसर हेर्न सकिने अवस्थामा छैन।

"केही दिनअघिसम्म यही आँगनमा बालबालिका हाँसिरहेका थिए, पढिरहेका थिए। आज त्यही ठाउँमा पीडाको सन्नाटा छ," उनले भावुक हुँदै भने। झण्डै ८ देखि १० लाखसम्म क्षति भएको छ। विद्यालयका शिक्षकहरूका अनुसार विपत्तिले भवन मात्रै ढालेको छैन, यसले सयौँ विद्यार्थीको मनोबलसमेत भत्काइदिएको छ। कतिपय विद्यार्थी घटनापछि विद्यालयको अवस्था देखेर रोएका छन्। अभिभावकहरू आफ्ना बालबालिकाको पढाइ अब कसरी अघि बढ्ने भन्ने चिन्तामा छन्।

विद्यालयमा रहेको सौर्य ऊर्जा प्रणाली पूर्णरूपमा नष्ट भएपछि पठनपाठन सञ्चालन झन् कठिन बनेको छ। विद्युत पहुँच कमजोर रहेको दुर्गम क्षेत्रमा सौर्य ऊर्जा नै विद्यालयको मुख्य आधार थियो। अहिले त्यो आधार पनि समाप्त भएको छ। अभिभावकहरु भन्छन्, "हामीसँग धेरै स्रोत छैन। तर यही विद्यालयमार्फत छोराछोरीको भविष्य बदलिन्छ भन्ने आशा थियो। आज त्यो आशामाथि नै आँधी चलेको छ।" बर्षौंको संघर्ष, स्थानीयको श्रमदान, अभिभावकको पसिना र समुदायको सहयोगबाट निर्माण गरिएको विद्यालय केही मिनेटको हावाहुरीले भग्नावशेषमा परिणत भएपछि गाउँ नै शोकमा डुबेको छ।

घटनापछि विद्यालय व्यवस्थापनले नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई, विभिन्न संघसंस्था, समाजसेवी तथा देश-विदेशमा रहेका सहयोगी नेपालीहरूसँग विद्यालय पुनर्निर्माण, छाना व्यवस्थापन, फर्निचर तथा सौर्य ऊर्जा पुनःस्थापनाका लागि सहयोगको अपिल गरेको छ।

"विद्यालय ढल्नु भनेको एउटा भवन ढल्नु मात्रै होइन, भोलिको पुस्ताको सपनामाथि आँधी चल्नु हो," विद्यालयले जारी गरेको अपिलमा उल्लेख छ।विद्यालय परिवारले यो कठिन घडीमा सबैको साथ, सहयोग, सहानुभूति र ऐक्यबद्धताले भग्नावशेषबाट फेरि उज्यालो उठ्ने विश्वास व्यक्त गरेको छ।

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं।

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरुको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभुषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।